नेपाल सरकार

अर्थ मन्त्रालय

# आन्तरिक राजस्व विभागको सुचना

२०७४ मंसिर १ गते मनाइने छैठौं राष्ट्रिय कर दिवसको अवसरमा कर, राजश्व एवं अर्थव्यवस्थासंग सम्बन्धित सन्देशमुलक काठमाण्डौ उपत्यकाव्यापी कविता वाचन प्रतियोगिता सञ्चालन गर्न लागिएकोले उक्त प्रतियोगितामा सहभागिता जनाउन चाहने काठमाण्डौ उपत्यका भित्रका उच्चमाध्यमिक विद्यालयदेखि स्नातक तहसम्मका प्रत्येक कलेज/उ.मा.वि. बाट १ जना छात्र र १ जना छात्रा गरी बढीमा २ जनाको नामावली यही कार्तिक २५ गतेसम्म आन्तरिक राजश्व विभाग, लाजिम्पाटमा आइपुग्नुपर्ने छ । कविता वाचन प्रतियोगिता यही कार्तिक २७ गते दिनको १२ बजे आन्तरिक राजश्व विभागको सभाहलमा हुनेछ । सो प्रतियोगितामा प्रथम, द्धितीय र तृतीय हुने प्रतियोगीलाई क्रमशः रू २५०००।, रू २००००, रू १५००० तथा प्रशंसापत्र प्रदान गरिने छ । उक्त पुरस्कार २०७४ मंसिर १ गते आयोजना हुने राष्ट्रिय कर दिवसको मूल समारोहको कार्यक्रममा वितरण गरिनेछ । उक्त प्रतियोगितामा भाग लिन आउने सहभागीले अध्ययनरत कलेज तथा उच्च मा.वि. को सिफारिसपत्र, विद्यार्थीको परिचयपत्र र कविताको Hard Copy पेश गर्नु पर्ने छ । कविता नेपाली भाषामा लेखिएको हुनुपर्ने छ । थप जानकारीको लागि विभागको वेबसाइट www.ird.gov.np मा पनि हेर्न सकिने छ । साथै विभागका शाखा अधिकृत श्री टंकमणि घिमिरे मो.नं. ९८६१४४७८५६ मा सम्पर्क गर्न सकिने छ ।